# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १८६ | बुटवल | २०८३ असार २८ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday July 12, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## उचित विकल्प विना हतारमा बस्तीमा डोजर : सुकुम्वासीको बिचल्ली



बुटवल । वर्तमान सरकारले उचित बासस्थानको विकल्प विना हतारमा वस्तीमा डोजर लगाएर नदी किनारमै होल्डिङ सेन्टरमा राख्दा दर्जनौं सुकुम्बासी परिवारको बिचल्ली भएको छ । शुक्रबार राति कीर्तिपुरस्थित सुन्दरीघाटको राधास्वामी सुकुम्वासी होल्डिङ सेन्टर लगातारको वर्षाले नदीको बहाब बढेपछि रातको एक बजेतिर जलमग्न भयो ।

पानीको सतह माथिसम्म आइपुग्दा त्यहाँ आश्रय लिइरहेका १५४ जना सुकुमवासीको बिचल्ली भयो । रातको समयमा ज्यान जोगाउनु कि सरसामान निकाल्नु ? सुकुम्वासी अन्योलमा रहे । सुकुम्वासीका छटपटीबीच सुरक्षाकर्मीको संयुक्त टोलीले ५४ जनालाई उद्धार गरी त्रिभुवन विश्वविद्यालय परिसरको स्मृति भवनमा सार्‍यो ।

तर, धेरैको बन्दोबस्तीका सामान, अन्नपात र लुगा कपडा बाढीमै डुबे । कतिपय आफन्त कहाँ शरण लिन पुगेका छन् भने कतिपय होल्डिङ सेन्टरकै आसपासमा ओत लागेर बसिरहेका छन् । बाढीले जलमग्न भएको त्यो क्षेत्र लेदो र हिलाम्मेमा परिणत भएको छ । जताततै हिलो र गन्ध फैलिएको छ ।

थापाथली, गैरीगाउँ लगायतका सुकुमवासीबाट जेनतेन जोगाएर ल्याएका सामान फेरि नष्ट भए । त्यसमै पनि केही अझै जोगाउन सकिन्छ कि भनेर उनीहरू प्रयासरत थिए । होल्डिङ सेन्टर डुबेसँगै उनीहरू थप अन्योल र चिन्तामा छन् । पहिले राज्यको डोजर र अहिले प्राकृतिक विपत्तिको दोहोरो मारमा परेको भन्दै कतिपय सुकुम्वासी आक्रोशित भएका छन् । सरकारले आफूहरूमाथि अपराध गरिरहेको बताउँछन् ।

कीर्तिपुरकै होल्डिङ सेन्टरमा बस्दै आएकी मेनुका गुरुङ पहिला हामी जहाँ बसेका थियौं, बरु ठिक थियो । तयारीबिना यसरी किन यहाँ ल्यायो । हामीलाई त मारेसरह भइसक्यो भन्दै भक्कानिएकी छिन् । मेनुकाले भनिन्- 'त्यहाँ बाढीबाट जोगाउन भनेर यहाँ ल्याएको होइन ? खोइ यस्तो बिजोग भेल्नुपरेको छ त ?'

प्रशासनले आफूहरूलाई साविकको बस्तीबाट हटाउँदा प्रहरी र आर्मी लगाएर जबरजस्ती उठाएको, बन्दुक र गोलीगट्ठा देखाएर भत्केको ठाउँ हेर्नसमेत नदिएको मेनुकाको दुखेसो छ । डरैडरले गर्दा आफ्नो दुईचार पैसा आउँछ कि भनेर कबाडीलाई बेच्न ठिक्क पारेको सामान समेत उठाउन पाइनन् । अहिले फेरि भएका केही सामान पनि नष्ट भएर बिजोग बनाइदिएको सरकारसँग उनको आक्रोश छ ।

आफूहरू पनि यही देशको नागरिक भएको र नागरिकता, राष्ट्रिय परिचयपत्र सबै सरकारी नै भएको उल्लेख गर्दै उनी प्रश्न गर्छिन्- 'हामीले एउटा मान्छे मार्‍यौं भने सरकारी कानुन लाग्छ, तर आज हामीलाई यसरी दिनदिनै मारिरहेको छ । यो सरकारलाई के हुन्छ ?'

आफूमात्र होइन, आफूपछिको छोरा, नाति र सिंगो परिवारको बिजोग भयो भन्दै मेनुका भक्कानिन्छिन् । बाँचुन्जेल देश र जनताका लागि राम्रो काम गरेर इतिहासमा नाम कमाउन र गरिबलाई रुवाएर, आँसु र रगतमा डुबाएर नहिँड्न उनी सरकारलाई बिन्ती गर्छिन् । हिलाम्मे होल्डिङ सेन्टरको कुनामा टोलाएर बसेकी उनले सरकारसँग सुरक्षित स्थानमा उचित व्यवस्थापन मागेकी छन् । 'हामीलाई जस्तो व्यवस्थापन गर्छु भनेर ल्याएको थियो, त्यो गर्नुपर्यो । केही गर्न नसक्ने भए किन त्यहाँबाट उठाएको ?'- मेनुकाको प्रश्न छ ।

त्यस्तै, सुकुम्वासी गीता लामा पनि तनावमा छिन् । राति पानी पस्दा उनी मस्त निद्रामै थिइन् । जब बिउँझिइन्, सबै बर्बाद भइसकेको थियो । पछि पुलिसहरू आएर उद्धारमा साथ त दिए, तर सरसामान केही पनि निकाल्न पाइनन् ।

» बाँकी ३ पेजमा

## गणेश नेपालीको आत्मदाह :

# सदनदेखि सडकसम्म विरोध र प्रदर्शन

**लुम्बिनी संवाददाता**

*बुटवल*

मुगुका गणेश नेपालीको आत्मदाहको घटनाले संसद (सदन) र सडक तातेको छ । काठमाडौं महानगर प्रहरीले नेपालीको मोटरसाइकल ह्वील लक गरिदिएपछि गणेशले आत्मदाह गरेका थिए । नेपालीको निधनपछि घटनामा राज्य पक्ष जिम्मेवार भएको भन्दै विपक्षी दलले सरकारको कडा आलोचना गरेका छन् । बिहीबार काठमाडौंको त्रिपुरेश्वरमा नगर प्रहरीले मोटरसाइकलमा 'ह्विल लक' गरेको थियो । त्यसलाई लिएर नगर प्रहरीसँग विवाद भएपछि गणेशले आफ्नै शरीरमा पेट्रोल छर्केका थिए । उनको शुक्रबार बिहान उपचारका क्रममा मृत्यु भएको थियो । कतिपय सांसदहरुले प्रधानमन्त्री वालेन्द्र साहको राजीनामा समेत मागेका छन् ।

आगोले जलेर गम्भीर घाइते भएका गणेशलाई तत्काल उद्दार गर्नुपर्नेमा पक्राउ शैलीमा हिंडाउँदै अस्पताल लैजाँदा अपनाइएको प्रहरीको व्यवहारप्रति पनि सांसदहरुले गम्भीर प्रश्न उठाएका छन् । शनिबार दिउँसो सरकार र सत्तारुढ दल रास्वपाको विरोध गर्दै काठमाडौंमा प्रदर्शन भएको छ ।

नेपाली कांग्रेसका सचेतक निश्कल राईले सरकार नागरिकको जीवन र पीडाप्रति संवेदनशील हुनुको साटो सरकारका मन्त्रीहरु सामाजिक सञ्जाल व्यवस्थापनमा मात्र केन्द्रित भएको आरोप लगाएका छन् ।

उनले सरकारको कार्यशैली र नीति निर्माण प्रक्रियामाथि गम्भीर प्रश्न उठाएका हुन् । गणेश नेपालीको आत्मदाहको घटनाप्रति दुःख व्यक्त गर्दै सचेतक राईले नीति निर्माण गर्दा तल्लो तहका र विपन्न नागरिकलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिए ।

घटनापछि गृहमन्त्रीको सक्रियताप्रति टिप्पणी गर्दै राईले सरकारमा संवेदनशीलताको कमी देखिएको जिकिर गरे । गृहमन्त्री पीडितकहाँ जानु सकारात्मक भए पनि युट्युबरहरू सँगै लिएर जाने र लाइभ गर्ने कार्यले उहाँको गम्भीरतामाथि प्रश्न उठाएको राईले बताए । सरकार नागरिकको जीवन रक्षाभन्दा पनि सोसल मिडिया म्यानेजमेन्टमा बढी व्यस्त देखिएको उनको टिप्पणी छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद ज्ञानबहादुर शाहीले मुगुका गणेश नेपालीको घटनामा गृहमन्त्री सुधन गुरुङले स्टन्ट गरेको भन्दै आपत्ति जनाएका छन् । उनले प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रश्न गरेका छन्- तपाईं गृहमन्त्री हो कि कन्टेन्ट क्रियटर ?

उनले यदि साँच्चै विदेशमा लैजाने योजना बनाएको भए नेपालीको ज्यान बाँच्थ्यो कि भन्दै गृहमन्त्रीकै शैलीमा प्रश्न उठाएका हुन् । उनले लाइक र भ्युजको पछि लागेको भन्दै आपत्ति जनाएका छन् । 'यो शहरमा जसको खल्तीमा पैसा छ उसले बाँच्न पाउँछ,' उनले भने- 'गृहमन्त्रीले चटक देखाउने होइन । वास्तविक गृहमन्त्री बन ।'

मुगुका गणेश नेपालीको आत्मदाहको घटनालाई लिएर राष्ट्रियसभा सदस्यहरुले प्रधानमन्त्री बालेन्द्र शाहको राजीनामा मागेका छन् । आगोले गम्भीर घाइते भएका गणेशलाई तत्काल उद्दार गर्नुपर्नेमा पक्राउ शैलीमा हिंडाउँदै अस्पताल लैजाँदा अपनाइएको प्रहरीको व्यवहारप्रति पनि गम्भीर प्रश्न उठाएका छन् ।

नेकपा सांसद विष्णुबहादुर विश्वकर्माले सरकारका कारण गणेश नेपालीले आत्मदाह गर्नुपरेको भन्दै प्रधानमन्त्रीको राजीनामा माग गरेका हुन् । जलिरहेको मान्छेलाई घिसारेर, अपराधी झैं घिसारेर हस्पिटल पुऱ्याइएको र घटनास्थलमा भएका पुलिसहरू गणेश नेपाली आगोमा जलिरहँदा भागेको सांसद विश्वकर्माले बताए । गणेशलाई अपराधी झैं घिसारेर लगेको र ट्राफिक प्रहरी, नगर प्रहरी र घिसारेर लैजाने प्रहरीलाई कडाभन्दा कडा कारबाही गर्न तथा बालेन सरकारले राजीनामा दिनुपर्ने सांसद नेपालीले बताए । उनले बालेन सरकारको क्रुरताका



कारण मुगुका गणेश नेपालीले आगोमा जल्नु परेको पनि जिकिर गरे । यस्तै राष्ट्रिय सभा सदस्य तुलप्रसाद विश्वकर्माले घटनास्थलमा रहेका प्रहरी सुरुमै आत्मदाह रोक्न सक्रिय नदेखिएको र आगो लागेपछि पनि मानवीय उद्धारभन्दा पक्राउ गर्ने शैलीमा अस्पताल लगिएको उनले आरोप लगाए । उनले रास्वपा नेतृत्वको सरकार गठनपछि प्रहरी हिरासतमा मान्छे मर्नेदेखि सुकुमवासीका घरमा डोजर चल्नेसम्मका घटना भइरहेका टिप्पणी गरे । मुगुका गणेश नेपालीको आत्मदाह घटनातर्फ संकेत गर्दै उनले सरकारबाट नै शरीरमा आगो लगाएर मर्नुपर्ने अवस्था सिर्जना भएको आरोप लगाए । सरकारले जनतामाथि उत्पीडन गर्ने, गरिब, सुकुम्वासी, निमुखा, दलित, अल्पसंख्यकमाथिको चर्को दमन गरिरहेको उनको भनाइ थियो ।

अर्का राष्ट्रियसभा सदस्य सोमनाथ पोर्तेलले सिंहदरबार जलाउनेहरूले सिंहदरबार पसेपछि जनता जलाउन थालेको आरोप लगाए । सांसद पोर्तेलले आगोले डढेका नेपालीको उद्दारका क्रममा प्रहरीले लछार-पछार गरेको भन्दै प्रहरीको मानवीय संवेदनशीलतामाथि खेलवाडप्रति आपत्ति पनि जनाए । जरिबाना तिर्न नसकेको भन्दै प्रहरीले कमाउने साधन लुटेर लगेपछि नेपालीले शरीरमा पेट्रोल छर्किएर आगो लगाउनुपर्ने परिस्थिति निर्माण भएको पोर्तेलको दाबी थियो ।

राष्ट्रियसभाका अर्का सदस्य पदमबहादुर परियारले गणेश नेपालीलाई उद्धार गरेको कि पक्राउ गरेर अस्पताल पुऱ्याएको भन्दै प्रश्न गरे । आगोले पोलेको विक्षिप्त शरीरलाई प्रहरीले अपराधीलाई जस्तो गरेर अस्पताल पुऱ्याइएको बताए । बैठकको शून्य समयमा राष्ट्रियसभा सदस्य रेणु चन्दले पनि ६० प्रतिशतभन्दा बढी जलेका व्यक्तिलाई घिसार्दै अस्पताल लगिएको दृश्यले राज्यको भूमिकामाथि गम्भीर प्रश्न उठाएको टिप्पणी गरिन् ।

नेकपा (एमाले)ले गणेश नेपालीको आत्मदाह घटनाको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कडा कानुनी कारबाही गर्न माग गरेको छ । पार्टी महासचिव शंकर पोखरेलले विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन सरकारसँग माग गरेका छन् । '२५ वर्षीय युवा गणेश नेपालीले गरेको आत्मदाहको घटनाले देशलाई नै स्तब्ध बनाएको एमालेले जनाएको छ । नागरिकलाई गरिखाने वातावरण दिनुको साटो निराशा र प्रताडना मात्र दिने राज्य संयन्त्रको दबाबका कारण उहाँले यो आत्मघाती कदम चाल्नुभएको स्पष्ट छ ।'- पोखरेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

सरकारको जनविरोधी र गरिबमारा काम श्रृंखलाबद्ध रूपमा जारी रहेको पोखरेलले उल्लेख गरेका छन् । सरकारले सुकुम्वासी बस्ती हटाउने नाममा गरिब र निमुखा नागरिकहरूलाई मध्य वर्षाको समयमा घरबारविहीन बनाएर सडकमा पुऱ्याएको एमालेले आरोप लगाएको छ ।

"यस अमानवीय कदमका कारण हजारौं नागरिकले आवासको अधिकार मात्र गुमाएका छैनन्, सयौं बालबालिकाहरू शिक्षा प्राप्त गर्ने मौलिक अधिकारबाट समेत वञ्चित भएका छन् ।"- पोखरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सरकारको स्वेच्छाचारी र बलमिच्याइँपूर्ण व्यवहारका कारण हालसम्म चारजना सुकुम्वासी नागरिकले आत्महत्या जस्तो आत्मघाती निर्णय लिन बाध्य भएको आरोप लगाएको छ । सयौं नागरिक डिप्रेसनको सिकार बनेको एमालेको टिप्पणी छ ।

» बाँकी ३ पेजमा

### आश्विन राउतको पनि निधन

बुटवल । काठमाडौंको बुद्धनगरमा शनिबार (असार २७) बिहान आत्मदाहको प्रयास गरेका ४५ वर्षीय आश्विन राउतको निधन भएको छ । उपचारका क्रममा अपराह्न उनको निधन भएको वीर अस्पतालका सूचना अधिकारी ताराबहादुर कार्कीले जानकारी दिए ।

शनिबार बिहान करिब ६:२० बजे उनले आफ्नै कोठामा आत्मदाहको प्रयास गरेका थिए । उनले आत्मदाहको प्रयास गरेको खबर पाएलगत्तै प्रहरीले उद्धार गरेर वीर अस्पताल पठाएको थियो ।

यसअघि, काठमाडौंकै त्रिपुरेश्वरमा बिहीबार (असार २५) मुगुका २५ वर्षीय गणेश नेपालीले आत्मदाहको प्रयास गरेका थिए । उपचारका क्रममा शुक्रबार (असार २६) उनको निधन भएको थियो ।

शुक्रबारै सर्लाहीमा अर्का एक पुरुषले आत्मदाहको प्रयास गरेका थिए । कीर्तिपुर बर्न अस्पतालमा उनको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

'यो शहरमा जसको खल्तीमा पैसा छ उसले बाँच्न पाउँछ,' उनले भने-'गृहमन्त्रीले चटक देखाउने होइन । वास्तविक गृहमन्त्री बन ।'

## बुटवलमा छाडा साँढेको आतंक :

# ४० वर्षीय युवा गम्भीर घाइते



**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवल उप-महानगरले छाडा चौपाया व्यवस्थापनका नाममा बर्सेनि लाखौं रकम खर्च गरेपनि प्रभावकारी व्यवस्थापन हुन नसक्दा नगरवासीहरु साँढे (गोरु) को आक्रमणमा पर्ने क्रम रोकिएको छैन । दुई वर्ष अघि सांढेको आक्रमणमा परेर एक महिलाको ज्यानै गएको थियो भने गत सोमबार फेरि अर्का युवा सांढेको आक्रमणमा परेर गम्भीर घाइते भएका छन् । दुई वर्ष अघि नै अर्का एक पुरुष पनि सांढेको आक्रमणमा परेर स्कुटर पल्टिंदा गम्भीर घाइते भएका थिए ।

बुटवल उप-महानगरपालिका-११, रंगशाला मार्गमा बस्दै आएका ४० वर्षीय शैलेन्द्र बुढाथोकी साँढेको आक्रमणबाट गम्भीर घाइते भएका हुन् ।

राति करिब ९ बजे घर बाहिर कराउँदै आएका साँढेलाई रोटी लगेर खुवाउने क्रममा एक्कासी साँढेले आक्रमण गर्दा बुढाथोकी भाग्यले बाँच्न सफल भए । साँढेको आक्रमणबाट बुढाथोकीको छाती, घुँडा, कुहिना र ढाडमा चोट लागेको छ । उनको दायाँ छातीमा गम्भीर चोट लाग्नुका साथै ढाडको पाँचवटा करङको हड्डी भाँचिएको बुढाथोकीले बताए ।

बुटवलस्थित मर्सिसिटी अस्पतालमा उपचार गराएका उनलाई बसेको र सुतेको ठाउँबाट उठाउन, बसाल्न र सुताउन तथा शौचालय जान दुई जना सहयोगी चाहिने अवस्था रहेको घाइतेकी आमा शान्ति बुढाथोकीले बताइन् । 'खाना खाएर बसेका थियौं, बाहिर सांढेहरु भोकले कराएको सुनेपछि रोटी र तरकारी लगेर हातैले खुवाउन थालें, दुई वटा सांढे थिए, एकछिन पछि एउटा साँढेले एक्कासी दाहिने छातीतिर आक्रमण गरेपछि ढलें', बुढाथोकीले भने-'केही बेर बेहोस भएछु, पछि दुई जना महिलाले उद्धार गरेर अस्पताल पुऱ्याउनुभयो ।'

घटनाबारे आफूले बुटवल उप-महानगरको नेतृत्व र बुटवल ११ का वडाध्यक्ष रामचन्द्र खनाल क्षेत्रीलाई जानकारी गराउँदै उपचार खर्चको अपेक्षा गरे पनि बेवास्ता भएको गुनासो गरे । चिकित्सकले कम्तीमा तीन महिना बेड रेस्ट गर्नुपर्ने सुझाव दिएकाले आफूलाई आर्थिकरुपमा पनि ठूलो क्षति पुगेको बताए ।

वैदेशिक रोजगारीका क्रममा मकाउमा रहेका बुढाथोकी दुई महिनाको विदा लिएर घर आएका थिए । 'दुई महिनाभित्रै फर्किने गरी नेपाल आएको थिएँ, अब तीन चार महिना आराम गरेर बस्नुपर्ने भयो, फेरि भिसा दिन्छ कि दिन्न थाहा छैन', बुढाथोकीले भने- 'घरमा अन्य आयस्रोत छैन, चार महिना काम गर्न नसक्ने हुँदा घर खर्च चलाउन पनि समस्या हुने अवस्था छ ।'

बुटवल उपमहानगरले छाडा चौपाया व्यवस्थापनका लागि बुटवल ७ शिवनगरमा नन्दिनी गौशाला सञ्चालनमा ल्याएर बर्सेनि लाखौं रकम खर्च गरेपनि छाडा चौपायाको व्यवस्थापन हुन नसक्दा त्यसको शिकार आफू हुनुपरेको बुढाथोकीले बताए । 'बुटवल उपमहनगरले छाडा गाई गोरु व्यवस्थापन गर्न गौशाला बनाएर अहिलेसम्म करोडौं खर्च गरेको छ तर साँढे जति सडक र गल्लीमै देखिन्छन् जसको शिकार म आफै भएँ', शैलेन्द्रले भने, 'म र जस्तै छाडा साँढेको आक्रमणमा परेकालाई उपमहानगरले उपचार खर्च र क्षतिपूर्ति दिनुपर्छ ।'

उनले घटनाको र गौशालामा भएको लगानी, खर्चको उचित छानबिन गर्न पनि माग गरे । उपमहानगरपालिकाका कार्यपालिका सदस्य यम सुनारले उपमहानगरले प्रयास गरेपनि पूर्णरुपमा छाडा साँढे व्यवस्थापन गर्न नसकिएको स्वीकार गरे ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# निर्मम आत्मसमीक्षा गरौं

मुगुका गणेश नेपालीको आत्मदाह केवल मानसिक समस्याको विषय होइन्, यो राज्यसंयन्त्रप्रति नागरिकको भरोसा र विश्वास टुट्दै गएको एउटा उदाहरण हो। जब राज्यका योजना, नीति र कार्यक्रमप्रति नागरिकको भरोसा र विश्वास टुट्दै जान्छ, नागरिकले आक्रोशको आगो ओकल्छ, भलै त्यो आक्रोशको आगो ओकल्ने शैली फरक-फरक हुनसक्छ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको दुई दशक बित्न लागेको छ। संविधान निर्माण भएको दशक भयो। संविधानको सफल कार्यान्वयनमा चुक्दा नागरिकमा चुलिएका निराशाकै कारण जेनजी विद्रोह भयो। त्यही विद्रोहपछि भएको चुनावमा बहुमत ल्याइ गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले चुलिएका निराशालाई आशामा बदल्ने अवसर गुमाउँदैछ। सुकुम्वासीप्रति राज्यको व्यवहार निकृष्ट छ। पहिले घरमा डोजर लगाइयो, अहिले होल्डिङ सेन्टरमा खाना दिन पनि बन्द गरियो। कीर्तिपुरको होल्डिङ सेन्टरमा बाढी पसेर बिचल्ली परेका नागरिकप्रति राज्यको जवाफदेहीता पटक्कै देखिएन्। व्यवसायीलाई राज्यले अहिले अपराधी झैं व्यवहार गरिरहेको छ। लगानीकर्ता आर्कषित हुन सकिरहेका छैनन्। सम्पत्ति शुद्धीकरणको मुद्दामा राज्यले आफ्नालाई बचाउने अरुलाई फसाउने नीति लिएर विभेदकारी छवि बनाएको छ। अहिले युवाले राज्यले केही गर्दैछ भन्ने विश्वास गर्न छाडेका छन्। प्रधानमन्त्रीदेखि मन्त्रीहरु अराजकतालाई मलजल गर्दैछन्। शिष्टता र मर्यादाको विषय गौण बनेको छ।

गणेश काठमाडौंमा राइडर भई काठमाडौंमा परिवारको लालनपालन गर्दै आएका युवा हुन्। यहाँ गतिलो आम्दानीको स्रोत नभएपछि विदेश जाने तयारी गर्दै थिए। पार्किङ् निषेधित क्षेत्रमा पार्किङ् गरेको भन्दै मोटरसाइकलमा काठमाडौं महानगर प्रहरीले लक गरिदियो। जरिवानाको रसिद थमायो। आम नागरिकप्रति राज्य संयन्त्रले गर्ने व्यवहार असहिष्णु बनिरहेका बेला महानगर प्रहरीको व्यवहारप्रति नागरिकमैत्री हुने संभावना नै रहेन्। अहिले यो विषय सिंगो व्यवस्थाप्रति उठिरहेको प्रश्न हो। अहिले सरकारमा जो छ, उसैप्रति प्रश्न उठ्नु स्वभाविकै छ। जसले हिजो सरकारप्रति प्रश्न गरेर जनमत पाए, उनीहरु प्रश्न सुन्न चाहँदैनन्। प्रश्न गर्नेहरुलाई गालीगलौज हुन्छ। प्रहरी लगाएर पक्राउ गरिन्छ। संसदमा थर्काइन्छ। सामाजिक सञ्जालमा अराजक र उत्तेजना फैलाउने स्टाटस लेख्नु र जवाफदेही ढंगले सरकार सञ्चालन गरेर समाजमा आशा जगाउनु फरक कुरा हो।

यहाँ गणेश नेपालीको मृत्यु एउटा सामान्य विषय होइन्, नेपाली समाजमा आक्रोशको आगो कसरी तीव्र ढंगले बढिरहेको छ भन्ने एउटा उदाहरण हो। गणेशको आत्मदाह प्रयास लगत्तै सर्लाहीका विवेक मण्डल र काठमाडौंमा अश्विन राउतले आत्मदाह प्रयास गरे। काठमाडौंका अश्विनको निधन भइसकेको छ भने विवेकको अवस्था गम्भीर छ। सरकार जवाफदेही र जिम्मेवार बन्नका लागि यी घटना काफी छन्, तर जवाफदेही बन्ने छाँटकाँट देखिंदैन। सुकुम्वासीप्रति भएको अमानवीय व्यवहारले सरकार निरंकुश बन्दै गरेको र नागरिकका आधारभूत समस्याप्रति बेवास्ता गरेको प्रष्ट देखिन्छ। निर्मम आत्मसमीक्षा गरौं, चर्को निराशाबाट समाजलाई बाहिर निकालौं। अरु गणेश नेपालीहरुले आत्मदाह गर्ने अवस्थाको अन्त्य होस्।

# जङ्गली जनावरको व्यवस्थापन





रमेश दाहाल

बँदेल, मृग र हात्ती मात्र नभएर नीलगाईको गोबर, गहुँत र दुधमा पाइने औषधीय गुणबारे पनि अनुसन्धान हुन जरुरी छ। खानाको खोजीमा जङ्गल छोडेर गाउँ पस्ने र बालीनाली नष्ट गर्ने बँदेल र मृगलाई यो नयाँ दाना खुवाएर व्यावसायिक रूपमा पाल्न कत्तिको सम्भव छ भन्ने कुरा हेर्न बाँकी छ। मिचाहा वनस्पतिका कारण जङ्गलमा घाँसपातको अभाव भएर हात्ती र गैँडा मानवबस्तीमा आउने गरेका छन्। त्यसैले तिनीहरूको सङ्ख्या र आवश्यकता अनुसार थप पोषणयुक्त दाना बनाउनेतर्फ अनुसन्धान अघि बढाउनु पर्छ।

मानवले प्रारम्भिक चरणमा गास, बास र कपासका लागि मात्र हजारौँ वर्षअघिबाट सङ्घर्ष गर्दै वर्तमान लोकतन्त्रसम्म आइपुग्दा शिक्षा, स्वास्थ्य, यातायात, पर्यटनलगायत थुप्रै विषयमा प्रगति गरेका छन्। मानवको विकासक्रमसँगै जङ्गली जनावर पनि प्राकृतिक रूपमै हुर्किएका कुकुर, गाई, भैँसी क्रमशः मानवनजिक रहन पुगे पनि उनीहरूको अस्तित्व त्यही घाँसपातको सदुपयोगमा आधारित छ। अर्थात् मानवमा आएको परिवर्तनको दाँजोमा पशुपन्छीमा परिवर्तन नदेखिए पनि पछिल्लो चरणमा व्यावसायिक पशुपालनमा कम लगानीमा धेरै फाइदा लिन सकिन्छ।

घरपालुवा जनावरलाई समयसापेक्ष वैज्ञानिक रूपमा खाद्यान्नमा परिमार्जन गर्दै आवश्यक पोषणयुक्त खाद्यान्नको जगेर्ना तथा उत्पादन गरी फाइदा लिएको पाइन्छ। जङ्गलमै रहेका ती नीलगाई, बँदेल, दुम्सी, हात्ती, बाँदरलगायत जङ्गली जनावर पनि मानवसँग हरेक मोडमा पौँठेजोरी खेलिरहेको पाइन्छ। २१औँ शताब्दीको प्रारम्भिक चरणमा यिनै अस्तित्वको लडाइँ लडेका प्राणीलाई वैज्ञानिक रूपमा क्रस ब्रिडिङ गरेर उनीहरूको सङ्ख्यात्मक वृद्धिसँगै उनीहरूबाट प्राप्त हुने दुध, मासु, अन्डा मात्र होइन मलमूत्रको समेत अधिकतम सदुपयोगको खोजीमा मानव सक्रिय छ।

यी लाखौँ वर्षसम्म अस्तित्वमा रहे पनि मानवलाई केही पनि गुण लगाउन नसक्ने जनावरका रूपमा परिभाषित हुन पुगेका यिनै दुम्सी र बाँदरलाई आधुनिक विज्ञानको आँखामा हेरेर उनीहरूले हाम्रा लागि पुऱ्याउने योगदान हामी आफैँले अध्ययन गर्न विलम्ब भयो भन्न सकिन्छ। केवल एक पेट खान रातभर सङ्घर्ष गर्ने दुम्सीलाई उसले खोजेको स्वादमा आलु जस्तै बनाएर नजिकै दाना दियो भने उसले किसानको खाद्यान्नको क्षति गर्दैन।

दुम्सी आहारा खोज्नुपर्ने समयमा कतै छदेखि नौ इन्च गोलाइको सुरुङ खन्न सक्ने विशेष क्षमता भएको प्राणी हो। कतै जमिनमुनि ओछ्याइएका माइन पत्ता लगाउन, भूगर्भविद्लाई अध्ययन गर्न सक्ने बनाउन, त्यसको शरीरमा भएको महत्वपूर्ण काँडा हिन्दुहरूको चूडाकर्मका अतिरिक्त स्वास्थ्य क्षेत्रको अकुपन्चरमा प्रयोग गर्न सकिन्छ कि ? त्यसको हड्डी मासुमा कतै औषधीय गुण पो छ कि ? जस्ता विषयमा आधारित भएर बृहत् अध्ययन गर्न जरुरी छ। किसानको बालीमा केही नोक्सानी पुऱ्याएको आधारमा भन्दा पनि यसको फाइदाका बारेमा विशेष अनुसन्धान गर्न जरुरी छ।

धार्मिक रूपमा पवनपुत्र हनुमानको सेवकका रूपमा अस्तित्वमा रहेका तथा मानव वंशसँग केही हदसम्म मिल्दोजुल्दो रूपमा रहेका बाँदर आज करिब ३१ जिल्लामा फैलिएको अवस्था छ। विगतमा चर्चित मठमन्दिरमा सीमित रहेका बाँदर अहिले एकपेट भर्न मानवसँग सङ्घर्षरत छन्। यी प्राणी पनि धर्तीको साझा हिस्सेदार भएकाले यिनीहरूले पनि बाँच्न पाउनु पर्छ। वन्यजन्तुको सिकार र हत्यामा लगाइएको कानुनी प्रतिबन्धका कारण बाँदरको संख्या निकै बढेको छ। जङ्गलमा प्राकृतिक स्रोत र आहाराको कमी भएकाले यी बाँदर गाउँघर पसेर किसानको बालीनाली नष्ट गर्न थालेका छन्। यसले गर्दा मानिसको बसाइँसराइ र दैनिक जीवनशैली नै सङ्कटमा परेको छ, जुन हामी सबैका लागि एउटा ठुलो चुनौती हो। पहिले बाँदर मठमन्दिरमा मात्र सीमित हुँदा धार्मिक मानिसले उनीहरूलाई खानेकुरा दिएर संरक्षण गर्थे। यसै विषयमा अध्ययन गर्न लेखक खोटाङ जिल्ला पुग्दा त्यहाँका स्थानीय बासिन्दाले बाँदरले गर्ने सामान्य नोक्सानीलाई त स्वाभाविक रूपमा लिएका थिए। जब बाँदर घरभित्रै पसेर भण्डारण गरेको अन्नपात र पकाएको खानासमेत नष्ट गर्न थाले तब बाध्य भएर उनीहरूले बाँदरको प्रतिकार गर्नु परेको अनुभव सुनाए। फर्सीको बियाँ खान खोज्दा सुराईको फेदमा हात अड्किने स्वभाव भएको यो प्राणी, अप्ठ्यारोमा पर्दा वा मौका पाउँदा दुवै हात जोडेर ज्यानको भिख माग्न पनि पछि पर्दैन।

युनेस्कोको सहयोगमा घरपालुवा र जङ्गली जनावरका लागि उपयोगी हुने एक विशेष दानाको पहिलो चरणको अध्ययन पूरा भएको छ। यो दाना खुवाउन हरेक जिल्लामा जाली घर बनाएर जनावरलाई पेटभरि खान दिने व्यवस्था मिलाउन आवश्यक छ। यसो गर्दा मानिस र जनावरको सम्बन्ध बलियो हुने मात्र होइन, भविष्यमा चिकित्सा क्षेत्रमा औषधी परीक्षण र अङ्ग प्रत्यारोपणका लागि समेत मद्दत पुग्न सक्छ। भाले र पोथीलाई छुट्टाछुट्टै राखेर यस्ता जाली घरमा जनावरको सङ्ख्या नियन्त्रण गर्न सकिन्छ। किसान र बस्तीलाई असर नगर्ने गरी चार/पाँच हजार रुपियाँमै बन्ने यस्ता जाली घर र दानाको व्यवस्थापनमा सरकारले तत्काल ध्यान दिनु पर्छ। बँदेल, मृग र हात्ती मात्र नभएर नीलगाईको गोबर, गहुँत र दुधमा पाइने औषधीय गुणबारे पनि अनुसन्धान हुन जरुरी छ। खानाको खोजीमा जङ्गल छोडेर गाउँ पस्ने र बालीनाली नष्ट गर्ने बँदेल र मृगलाई यो नयाँ दाना खुवाएर व्यावसायिक रूपमा पाल्न कत्तिको सम्भव छ भन्ने कुरा हेर्न बाँकी छ। मिचाहा वनस्पतिका कारण जङ्गलमा घाँसपातको अभाव भएर हात्ती र गैँडा मानवबस्तीमा आउने गरेका छन्। त्यसैले तिनीहरूको सङ्ख्या र आवश्यकता अनुसार थप पोषणयुक्त दाना बनाउनेतर्फ अनुसन्धान अघि बढाउनु पर्छ।

नेपालका साना जङ्गलमा हात्तीको संख्या धेरै हुँदा आहारा पुगिरहेको छैन, जसले गर्दा हात्तीले मानिसमाथि आक्रमण गर्ने गरेका छन्। देशभरिका करिब २३ हजार सामुदायिक वनबाट पाइने घाँसपातलाई वैज्ञानिक परीक्षण गरी व्यावसायिक रूपमा सस्तो दाना उत्पादन गर्न सकिन्छ। परम्परागत अन्नबाट दाना बनाउँदा किसानको लागत धेरै लाग्ने र कृषि उत्पादन घट्ने भएकाले प्रतिकिलो १५/२० रुपियाँमै उपलब्ध गराउन सकिने यो नयाँ प्रविधि निकै उपयोगी हुने छ। यसै उद्देश्यका लागि वन विभागले नागार्जुनको झाँक्रीबास सामुदायिक वनको सिफारिसमा आगामी वर्षदेखि परीक्षण अघि बढाउने प्रस्तावलाई सकारात्मक रूपमा लिएको छ। यो महत्वाकांक्षी योजनालाई पूर्ण रूपमा व्यावसायिक बनाउन चार/पाँच वर्षको निरन्तर परीक्षणका लागि २५-३० करोड रुपियाँ खर्च हुने अनुमान छ तर सुरुवाती दुई वर्षभित्र पाँच करोड ४५ लाख रुपियाँको लागतमा गाई, भैँसी, बाख्रा, कुखुरा र बङ्गुरमा विशेषज्ञको निगरानीमा छ महिनादेखि एक वर्षसम्म परीक्षण गर्ने प्रस्ताव गरिएको छ। यस परीक्षणका क्रममा नेपालमै खेर गइरहेका हाडेओखर, आँपको कोया र चाँपको गेडा जस्ता प्राकृतिक स्रोतको प्रयोग गरी पोसिलो र स्वादिलो दाना बनाइने छ।

यदि जङ्गलछेउमै यस्तो दाना भण्डारण गरिदिने हो भने अन्नको खोजीमा गाउँ पस्ने हात्तीले मानवीय क्षति गर्ने छैनन्। उचित तालिम पाएमा बाँदरले पनि रुखबाट फलफूल टिपिदिने वा मकै ओसारिदिने जस्ता काम गरेर मानिसलाई सहयोग गर्न सक्छन्। यसो भएमा वन्यजन्तुका कारण गाउँबस्ती छोड्नुपर्ने बाध्यता हट्ने छ र पशु अधिकारकर्मीको गुनासो पनि रहने छैन। यस योजनालाई औद्योगिक रूपमा अगाडि बढाउन सके मात्र नागरिकका समस्या समाधान हुने छन् र मानिसका साथै वन्यजन्तुले समेत सुरक्षित वातावरणको अनुभूति गर्न पाउने छन्।

गोपबाट

# गर्मी छल्न पर्यटक रिग क्षेत्रमा

ढोरपाटन। हिजोआज दैनिकजसो रिगताल परिसरमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ। बागलुङको तल्लो क्षेत्रमा निकै गर्मी छ। जसका कारण समुन्द्री सतहदेखि तीन हजार २०० मिटरको उचाइमा रहेको रिगताल क्षेत्रमा सितल छ। यहाँ पुस माघ महिनाको जस्तो चिसो सिरेटो चिलिनै रहन्छ। गर्मी छल्न आन्तरिक पर्यटक दिनहुँ यहाँ पुग्छन्।

उच्च पहाडी हावापानी, शान्त वातावरण र प्राकृतिक सुन्दरताको रसास्वादन गर्न आउने पर्यटकका कारण रिग क्षेत्रमा चहपहल बढेको हो। बर्खा याममा फूलेका भुइँफूल र अहिया पालुवाले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गर्ने गरेको छ। बागलुङको निसीखोला गाउँपालिका-६ मा पर्ने रिग ताल एक दशक अगाडिसम्म ओझेलमा थियो। तर पछिल्लो समय प्रचारप्रसार हुँदा पर्यटक आकर्षणको केन्द्र बनेको हो।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको नजिकै पर्ने रिग क्षेत्रमा प्रकृतिसँगै गोठाले जनजीवन, हजारौं संख्याका वस्तुभाउ र वन्यजन्तुसँग रमाउन आउनेको संख्या बढी छ। बागलुङ, रोल्पा र पूर्वी रुकुम जिल्लाको सङ्गम स्थल पातीहाल्नेदेखि १५ मिनेटको पैदल यात्रामा पुग्न सकिने रिगतालसम्म सडक पनि पुगेको छ। जसले पर्यटकलाई सवारी साधानमै तालसम्म पुग्न सहज बनाएको छ।

पछिल्लो सात वर्षमा रिग ताल क्षेत्रमा आउने पर्यटकको संख्या ह्वातै बढेको निसीखोला गाउँपालिका-६ का पूर्णबहादुर घर्ती मगरले बताए। पहिले गोठालाले चरन क्षेत्रका रुपमा प्रयोग गर्दै आएको रिगतालमा अहिले दैनिक पर्यटक आउने गरेका छन्। असारको पहिलो सातादेखि नै दैनिक एक सयभन्दा बढी पर्यटक रिग क्षेत्रमा आउने गरेको घर्ती मगरले सुनाए।

उनले भने-"सडकको विकासले गोठाला बस्ने ठाउँमा पर्यटक आउन थाले, पहिले त निसी, भल्कोट गाउँका गोठालाहरु भेडाबाख्रा, गाईभैँसी लिएर बर्खा भरि बस्ने ठाउँ हो, तर अहिले रिग डाँडाभरी मान्छेहरुको भिड लाग्छ, ठाउँ पनि राम्रो छ।"

अरु बेलाभन्दा बिदाको दिन ५०० बढी पर्यटक रिग तालमा आउने गरेका घर्तीले जानकारी दिए। पर्यटकले गोठमै आएर दूध, दही र घ्यूसमेत खरिद गर्दा आम्दानी राम्रो हुने गरेको बताउनुभयो। पर्यटकले प्लास्टिकका बोटल, बियरका सिसा र अन्य प्लास्टिकजन्य फोहोर जथाभावी गर्ने गरेको उनले गुनासो गरे।

खासगरी बुटवल, दाङ, नेपालगञ्ज, चितवन, भैरहवा लगायतका ठाउँबाट पर्यटकहरु गर्मी छल्न यतिबेला रिगताल आउने गरेका छन्। नेपालगञ्जबाट घुम्न आएका रितेश ताम्राकारले तराईमा निकै गर्मी बढेको हुँदा एक साता सितल खोज्दै पहाड उक्लिएको बताए। पहाड आएको समयमा चौरीखर्क, ढोरपाटन, निसेलढो र रिगतलामा घुमेको उनले सुनाए।

"तराईमा निकै गर्मी बढेको छ, यहाँको जस्तो सितल हावा पाउन त निकै गाह्रो पर्छ, यहाँको हावापानी धेरै राम्रो रहेछ, एकैछिन बस्यो भने जाडोले काप्ने अवस्था आउँछ," उनले भने-"गर्मी महिनाभरि यतै बसौँ जस्तो लाग्यो।"

भैरहवाका प्रवेश पौडेलले पहाड घर गुल्मी आएको बेला साथीहरुसँग रिगताल घुम्न आएको बताए। भैरहवामा अत्यधिक गर्मी बढेको सुनाउँदै उनले रिगताल आएपछि यहाँको प्रकृति र हावापानीसँग रमाउँदै आनन्द आएको जनाए।

# सम्झनामा आमा !!



सपना पौडेल रिजाल

आमा, आज पनि
तिमीलाई सम्झिँदा
आँखा आफैँ रसाउँछन्,
ओठले हाँस्न खोजे पनि
मनभित्र चुपचाप वर्षा झर्छ।
तिमी गएको पनि त
धेरै वर्ष बिते,
तर तिम्रो अभाव भने
हरेक बिहान
नयाँ भएर आउँछ,
हरेक रात
आँसु बनेर सिरानी भिजाउँछ।
आमा,
तिमीले छोडेको धन
सुनचाँदी थिएन
तिमीले छोडेको धन त
असल बन्ने संस्कार थियो,
इमानको बाटो थियो,
अरूको दुःखमा
हात समात्ने सुन्दर मन थियो।
आमा,
आज म जहाँ छु,
जसरी बाँचेकी छु,
त्यो मेरो सामर्थ्य होइन
तिम्रो शिक्षाको उज्यालो हो,
तिम्रो आशीर्वादको बल हो।
कहिलेकाहीँ त,
मन यति धेरै थाक्छ कि लाग्छ
एकपटक मात्रै
"छोरि" भनेर बोलाइदेऊ,
म दौडेर तिम्रो काखमा लुकूँ,
र मनभरि थुप्रिएका
सबै आँसु बगाइदिऊँ।
तर नियतिले,
त्यो काख पनि खोस्यो,
त्यो स्पर्श पनि खोस्यो,
र मेरो जीवनबाट
'आमा' भन्ने शब्दको
जीवित अर्थ नै खोस्यो।
मानिसहरू भन्छन्,
समयले सबै घाउ निको पार्छ।
तर उनीहरूलाई कसरी भनूँ,
आमाको अभाव घाउ होइन रहेछ
यो त सास रहुञ्जेल
मनभित्र बलिरहने र
निभ्न नसक्ने पीडा रहेछ।
आज पनि हरेक सफलतामा
सबैभन्दा पहिले तिमीलाई खोज्छु,
हरेक पीडामा तिम्रो काख सम्झन्छु।
किनकि
संसारमा धेरै सम्बन्ध भेटिए,
तर "आमा"भन्ने सम्बन्धको
कहिल्यै विकल्प हुँदैन रहेछ।
जहाँ भए पनि,
मेरो लागि मुस्कुराइरहनु है।
आमा,
म त आज पनि तिमीले
सिकाएको संस्कार समातेर,
तिम्रै आशीर्वाद बोकेर
जीवनका कठिन बाटाहरू हिँडिरहेकी छु।
आमा,
यदि स्वर्गसम्म
छोरीको पुकार पुग्छ भने,
मेरो एउटै प्रार्थना सुनिदेऊ
अर्को जन्ममा पनि
मलाई तिम्रै कोख देऊ।
किनकि,आमा
यो जन्मले एउटा कुरा राम्ररी सिकायो
आमा गुमाउनु भनेको
मानिसको जीवनबाट
आधा संसार हराउनु रहेछ।
मुटु चुँडिनु र
चाडबाड जिउँदै मर्नु रहेछ।

**सदनदेखि...**

"सरकार गठन भएको प्रारम्भिक १०० दिनभित्रै उचित व्यवस्थापनको अभाव, मानसिक तनाव तथा विस्थापनको त्रासका कारण भेषराज दर्जी, कर्णबहादुर थापा, रिन तामाङ, इन्द्रबहादुर राई र उज्वल तामाङलगायतका नागरिकले ज्यान गुमाउनुपरेको छ।"

राज्यले नै व्यवस्थापन गरेका अस्थायी होल्डिङ सेन्टरहरूबाट समेत नागरिकलाई हठात् हट्न अल्टिमेटम दिने, धाकधम्की दिने र भोकमरीको जोखिममा धकेल्ने जस्ता कार्यहरू सर्वथा अमानवीय रहेको पोखरेलको भनाइ छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले गणेश नेपालीको आत्मदाह र निधनसँग सम्बन्धित घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न माग गरेको छ । पार्टी प्रवक्ता प्रकाश ज्वालाले शुक्रबार विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई उचित राहत र न्याय उपलब्ध गराउन सरकारसँग माग गरेका छन्।

"राज्य र आमनागरिकबीच अपनत्वको सम्बन्ध कमजोर बन्दै जानु तथा राज्यले भुइँतहका नागरिकको पीडा, संवेदना र आवाज नसुन्नुका कारण एकातिर गणेश नेपालीजस्ता नागरिक आत्मदाहजस्तो चरम कदम चाल्न विवश भएका छन् भने अर्कोतर्फ हजारौँ सुकुम्वासी, भूमिहीन, श्रमिक तथा विपन्न नागरिक मर्नु न बाँच्नुको अवस्थामा जीवन बिताउन बाध्य छन्।"- विज्ञप्तिमा भनिएको छ।

लोकतान्त्रिक मुलुकमा यस्ता दुःखद घटना हुनु राज्यको चरित्रमाथि गम्भीर प्रश्न उठाउने विषय रहेको ज्वालाले विज्ञप्तिमा उल्लेख गरेका छन्। उनले भनेका छन्-"अत्यन्त दुःखद, निन्दनीय र भर्त्सनायोग्य घटना हो । अझ आत्मदाहको प्रयासपछि पनि उनको जीवन रक्षा र घटनाको संवेदनशीलता बुझेर मानवीय व्यवहार गर्नुको सट्टा राज्यका निकायहरूबाटै उनीमाथि बल प्रयोग गर्ने, जरिबानाको दबाब दिने, धम्क्याउने र घिसारेर हिँडाउने जस्ता अमानवीय व्यवहार गरिनु र निधन भइसकेपछि पनि वास्तविकता सार्वजनिक नगर्नुले यो घटना अझ हृदयविदारक बन्न पुगेको छ।"

**सरकारविरुद्ध प्रदर्शन**

गणेश नेपालीको लागि न्याय माग गर्दै काठमाडौंको वीर अस्पताल अगाडि आफन्त र सरकारसंग असन्तुष्ट युवाहरुले माइतीघरमा प्रदर्शन गरेका छन् । शनिबार दिउँसो सरकार र सत्तारुढ दल रास्वपाको विरोध गर्दै प्रदर्शन भएको हो।

प्रदर्शनमा सहभागीहरूले प्रधानमन्त्री बालेन शाह, रास्वपा सभापति रवि लामिछानेको नाम लिँदै उनीहरुविरुद्ध नारा लगाएका छन्। सो क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइएको थियो । गणेश नेपालीको न्यायका लागि युवाले काठमाडौँको माइतीघर मण्डलमा प्रदर्शन गरेका छन्।

शनिबार जनपक्षीय ट्रेड युनियन महासंघ र जनपक्षीय युवा लिगको अगुवाइमा सरकारविरुद्ध प्रर्दशन गरिएको हो । गणेशलाई आत्मदाह गर्ने अवस्थामा राज्यले पुऱ्याएको भन्दै युवाले प्रदर्शन गरेका छन्।

उनीहरूले 'श्री ३' को सरकार भन्दै वालेन्द्र शाह नेतृत्वको सरकारको विरोध गरेका छन्। उनीहरूले 'युवालाई आत्मदाह गर्ने बाध्यता होईन, रोजगार देउ', 'युवालाई आत्मदाह गर्ने स्थितिमा कसले पुऱ्यायो?' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर प्रदर्शन गरेका हुन्।

उनीहरूले यस घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन्। यससँगै गणेशको परिवारलाई राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएका छन्।

यसैबीच कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टरबाट जेनजी अभियन्ता माजिद अन्सारीसहित केहीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । अन्सारी र सरिश्मा थापासहित केहीलाई प्रहरीले नियन्त्रणमा लिएको हो। कीर्तिपुरको होल्डिङ सेन्टरमा रहेका सुकुम्वासीहरू डुबानमा परेपछि अन्सारीसहितका केही अभियन्ताहरू त्यहाँ पुगेका थिए।

अन्सारीले आफूहरूलाई प्रहरीले दुर्व्यवहार गर्दै पक्राउ गरेको बताएका छन्। 'प्रहरीले कुटपिट र लछारपछार गर्दै नियन्त्रणमा लिएको छ, मेरो नाकबाट रगत समेत आएको छ।'- उनले भने। उनीहरूलाई अहिले कीर्तिपुरस्थित प्रहरी बिटमा राखिएको छ।

**उचित...**

बाढीबाट जोगिन साविकको बस्ती भत्काएर यहाँ ल्याइएका उनी पनि अन्ततः त्यही बाढीको चपेटामा परिन् । ओढ्ने र ओछाउने कपडा, जाँतो, चुलो र खाने भाँडाहरू सबै हिलो र पानीले नष्ट बनाइदिएको छ।

यो प्राकृतिक विपत्तिबीच गीताको काँधमा सामान जोगाउने मात्र होइन, आफ्ना बिरामी श्रीमान र सानो बच्चालाई सम्हाल्नुपर्ने जिम्मेवारी छ। डिप्रेसन र अन्य बिरामीको समस्यासँग जुधिरहेका उनका श्रीमान आफ्नै सुरमा यताउता गरिरहेका छन् । तर, उनलाई खुवाउने दबाई अब छैन। पानीले बिहान औषधिको लागि भनेर राखिएको खाजा र औषधि दुवै नष्ट गरिदियो।

अब श्रीमानको औषधि कुन थियो भन्ने ठ्याक्कै भेउ पनि उनलाई छैन । दबाइ किनेको पुर्जा पनि आफूसँग रहेन। 'बुढा डिप्रेसनमा हुनुहुन्छ, केही गर्न सक्ने अवस्था छैन', गीताले भनिन्- 'यस्तो बेला बच्चा स्याहार्नु कि सामान स्याहार्नु ? ज्यान त बच्यो, तर अरू सबै थोक सखाप भयो।'

श्रीमानका लागि नियमित खुवाउनुपर्ने डिप्रेसनका औषधिहरू अब हिलोबाट निकाल्नसक्ने अवस्था छैन। निकाले पनि केही काम आउँदैन। अब भोलिदेखि ती औषधि कहाँबाट ल्याउने र श्रीमानको स्वास्थ्य कसरी जोगाउने भन्ने चिन्ता उनमा थपिएको छ।

होल्डिङ सेन्टरमा बस्दै आएको रस्मिला उप्रेती पनि चिन्तामा छिन् । उनी आफैं बिरामी छिन्। रगतमा इन्फेक्सन भएर औषधि खाइरहेकी छिन्। तर, शुक्रबार राति पसेको बाढीले उनको पनि औषधि बगायो । रातको समयमा बाढी पस्यो उनले औषधिसहितका सामान निकाल्न पाइनन्।

त्यस्तै, त्यहीँ रहेका सुकुमवासी राजकुमार माझीको तनाव पनि उस्तै छ । अझ उनको त औषधि खाने समय र सरकारले दिने खान नमिलेर आफ्नै सुरले पकाउँदै खाने गरेका थिए। सोही अनुसार सामानको जोहो गरेका थिए।

तर, त्यो पनि गएरातको बाढीले बगाएको छ। अब उनीसँग न खानेकुरा छ, न औषधि। औषधि किनेर खाइहाल्न पनि आर्थिक अवस्था सहज छैन। यसले आफूहरुलाई थप तनाव दिएको उनको अनुभव छ।

'बरु सिधैँ मारिदिए हुन्थ्यो । यसरी किन तड्पाइ तड्पाइ सताइरहेको हो थाहा छैन', विरक्त हुँदै उनले भने-'यदि केही तयारी थिएन भने किन यसरी बस्ती भत्काएर बिचल्ली बनाएको ? अब त हुँदाहुँदा २५ हजार लिएर तिमीहरु जाओ भन्छ। पछि व्यवस्थापन गरिदिने रे भन्छ। यस्तो अवस्थामा हामी कहाँ जाऔँ ? हामीलाई कसले पत्याउँछ ?'

**बुटवलमा....**

छाडा चौपाया व्यवस्थापनका लागि वार्षिक लाखौं र हालसम्म करोडौं रुपैयाँ खर्च भए पनि समस्या पूर्ण रूपमा समाधान हुन नसकेको सुनारको भनाइ छ।

एक वर्ष अघि शैलेन्द्रकी आमा शान्ति पनि बजारबाट तरकारी किनेर घर फर्किने क्रममा छाडा साँढेको आक्रमणमा परेर बालबाल जोगिएकी थिइन् । उनलाई आपसमा जुधिरहेका दुई सांढेले देखेपछि लखेट्दै आक्रमण गर्न खोजेका थिए। शान्ति सांढेको टाङ मुनि परेर जोगिएकी थिइन्।

दुई वर्षअघि बुटवलमै गुल्मीकी ४५ वर्षीया सीता पाण्डेको साँढेको आक्रमणबाट गम्भीर घाइते भई उपचारका क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको थियो।

२०८१ फागुनमा बुटवलको अमरपथमा किनमेल गरेर कालिकानगरतर्फ स्कुटरमा फर्किंदै गर्दा बसपार्कभन्दा केही तल सडकको डिभाइरमा जुधेका दुई साँढे (गोरु)ले दशरथ न्यौपाने र मुना सवार स्कुटरलाई लडाएका थिए।

स्कुटर चलाएका दशरथ खुट्टामा गम्भीर चोट लागेर बेहोस हुने गरी घाइते भई भैरहवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजमा उपचार गरेपछि बल्ल उनको होश खुलेको थियो । चेकजाँच गर्दा दाहिने खुट्टा दुई ठाउँमा भाँचिएको रहेछ । सामान्य मजदुरी गरेर जीवन धान्दै अघि बढिहेका ४१ वर्षीय न्यौपानेले नसोचेको परिस्थिति झेल्नुपऱ्यो।

३ महिना अस्पताल बस्दा १० लाख रुपैयाँ सकियो । ३ महिनाको अवधि ३ वर्षजस्तो लागेको र उपचार खर्च जुटाउन गर्नुपरेको सास्तीको त उनी सम्झिन पनि चाहन्न्।

खट्टामा दुईतिरबाट ३ वटा रड राखेका उनले निकै दुख र सास्ती पाए।

पाँच वर्षसम्म वैदेशिक रोजगारीमा गएर फर्किएका दशरथ देशमै केही गर्ने योजना बनाएर यहीँ बसेका थिए। सांढेको आक्रमणमा परेर खुट्टामा गहिरो चोट र ठूलो उपचार खर्चले उनलाई पीडा दियो । सीताको त ज्यान नै गयो, दशरथ र शैलेन्द्र जस्तै अरु धेरै जना बुटवलमा छाडा सांढेको आक्रमणमा परेका छन्। बुटवलका छाडा चौपायाले दुर्घटना र जोखिम दुवै बढाएका छन्।

## मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पू)द्वारा जारी गरिएको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०३/२८**

भूमि प्रशासन कार्यालय कावासोती नवलपरासी (ब.सु.पू) को चलानी नं. १०१८८ मिति २०८३/०३/१९ को प्राप्त पत्रानुसार जग्गा धनी तेज बहादुर महतोको नाउँमा दर्ता श्रेस्ता कायम रहेको साविक तम्सरिया २/क कि.नं. ११९ क्षेत्रफल ०-१५-२ को जग्गा धनी प्रमाण पूर्जा तत्कालिन तम्सरिया गा.वि.स.वडा नं ६ हाल मध्यविन्दु वडा नं ८ मा रहेको देवचुली साझा संस्था मिति २०३७/१/२ मा भूमि प्रशासन कार्यालय कावासोतीको रोक्का ठेली को सि.नं. ३/४/३ मा जग्गा रोक्का देखिएको हुनाले उक्त जग्गा फुकुवा गर्नुपर्ने हो वा होईन खुलाई पठाई दिनुहुन भनी लेखि आएको हुनाले मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमाराबाट च.न.२७३९ मिति २०८३/०३/२३ मा वडा नं ४ को कार्यालयमा देवचुली साझा संस्था हाल अस्तित्वमा भए, नभएको सत्य तथ्य बुझी जग्गा धनी पूर्जा फुकुवा गरि दिदा पछिसम्म फरक पर्छ पर्दैन भनी पत्र पठाईएको र वडा कार्यालयको च.नं. १६०७ मिति २०८३/०३/२४ गतेको वडा सर्जमिन मुचुल्का र सिफारिस नगरपालिकामा दर्ता भई उक्त सिफारिस पत्र अनुसार तेज बहादुर महतोलाई जग्गा धनी पूर्जा फुकुवा सिफारिस गरिदिनु भनी लेखि आएको हुनाले मध्यविन्दु ४ निवासी ठगाई महतो (थारु) को नाति मनबोधी थारुको छोरा तेज बहादुर महतोको नाउँमा दर्ता श्रेस्ता कायम रहेको साविक तमसरिया २/क कि.नं. ११९ क्षेत्रफल ०-१५-२ को जग्गा धनी प्रमाण पूर्जाबाट बैंक तथा वित्तिय संस्था, सहकारी संस्था कहाँबाट कति पैसा ऋण लिएको थियो र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारिक प्रमाण फेला नपरेको हुनाले हाल उक्त देवचुली साझा संस्था संचालनमा नरहेको र त्यसका संचालक समेत सम्पर्कमा नभएकोले तेज बहादुर महतोसँग लिनुपर्ने रकम भएमा सम्बन्धित सरोकारवालाहरुलाई हकदावी सम्बन्धी आधिकारिक प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र मध्यविन्दु नगरपालिकाको कार्यालय, वडा नं ४ को कार्यालय र वडा नं ८ को कार्यालयमा निवेदन पेश गर्नुहुन हक दावी सम्बन्धी सूचना प्रकाशन गरिएको छ। अन्यथा जग्गा धनी प्रमाण पूर्जा फुकुवाका लागि भूमि प्रशासन कार्यालय कावासोतीमा सिफारिस गरिने व्यहोरा जानकारी गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## साना किसान कृषि सहकारी संस्था लि., बुद्धभूमि- ४

## भाखा नाघेको ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी / सदस्यहरूले निम्न कार्यका लागि पटक पटक गरी ऋण लिई हालसम्म नबुझाई भाखा नघाएको निम्नानुसारको रकम बुझाउने सम्बन्धमा संस्थाबाट पटक पटक लिखित तथा मौखिक तर - ताकेता गरिएको हो। निजहरू आफैँबाट ऋण तिर्न गरिएको कबुलियत तथा ऋण लिँदा र समूह गठन गर्दा पालन गर्न मञ्जुर गरेका सर्तहरू समेत भंग गरी ऋणको सावाँ, ब्याज तथा हर्जाना समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई ऋण बुझाउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित मितिभित्र पनि ऋण बुझाउन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, निज ऋणी सदस्यले कर्जा लिँदा गरिदिएको लिखित तमसुक तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी आन्तरिक कार्यविधि अनुसार ऋण लिँदा संस्थालाई लेखि दिएको धितो लिलाम/बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित व्यक्तिहरूलाई निम्न उल्लेखित ऋण लिँदा आफ्नो जायजेथा मञ्जुरीनामा दिनेहरूलाई उल्लिखित ब्यहोराको जानकारी यसै सूचनाद्वारा गराइएको छ। ऋण नतिर्ने ऋणी / सदस्यहरूलाई कालो सूचीमा राख्नेतर्फ कारबाही अगाडि बढाईने ब्यहोरा समेत सूचित गराईन्छ।

तपसिल

| क्र.स. | ऋणीको नाम थर | स. नं. | ठेगाना | पति वा बुबाको नाम | बाजे वा ससुराको नाम | उद्देश्य | सांवा | २०८३ अषाढ सम्मको ब्याज, हर्जना जम्मा | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिने वा जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तुल्सी सुनार | ०२० | बुद्धभूमि-४,किलौली | निर्मल सुनार | हुम बहादुर सुनार | घर निर्माण | ५९६,३८५। | १५९,९२८।१९ | ७५६,३१३।१९ | हुमबहादुर सुनार | |
| २ | पार्वती सुनार | ०९७ | बुद्धभूमि-२ बड्हरा | कृष्ण बहादुर वि. क. । लाली सुनार | गोफले सुनार | जग्गा खरिद | ९००,००० | ५०१,४५४।७७ | १,४०१,४५४।७७ | पार्वती सुनार | |
| ३ | भुमिदत्त पन्थी | १३८ | बुद्धभूमि- ४ जोतपुर | ढुण्डीराज पन्थी | मुक्तिनाथ पन्थी | घर निर्माण | ४००,०००। | ४८६,५३७।६३ | ८८६,५३७। ६३ | डुकीकला घिमिरे | |
| ४ | भुमा थापा क्षेत्री | १८३ | बुद्धभूमि-४, जोतपुर | राम बहादुर खनाल | तिलक बहादुर खनाल | कुखुरा पालन | ५००,०००। | १९३,१३२। ८८ | ६९३,१३२।८८ | राम बहादुर खनाल | |
| ५ | देवकला खत्री | ०८४ | बुद्धभूमि-४,गेलवार | विष्णु बहादुर खत्री | धनबहादुर खत्री | जग्गा खरिद | ५००,०००। | १,९३१३२।८८ | ६४१,५५४।८० | - | |
| ६ | कटेश्वरी प्रसाद कुर्मी | ११८ | बुद्धभूमि | पिंगलप्रसाद कुर्मी | मोहन | माछा पालन | ९५०,०००। | ७४३,७४९।३८ | १६९,३७४९।३८ | - | |
| ७ | बेचनप्रसाद यादव | १३४ | बुद्धभूमि-५, मकुरघाट | ढुन्नीलाल अहिर | तिरथ अहिर | हार्डवेयर | २००,००००। | ९९९,५३२।५१ | २९९,९५३२।५१ | घर परिवार | |
| ८ | राम सुन्दर यादव | १३४ | बुद्धभूमि-५, मकुरघाट | ढुन्नीलाल अहिर | तिरथ अहिर | ट्याक्टर खरिद | २००,००००। | १,०००,५१९।५१ | ३०००,५१९।५१ | बेचन प्रसाद यादव | |
| ९ | किष्लावती यादव | १३४ | बुद्धभूमि-५, मकुरघाट | बेचनप्रसाद यादव | ढुन्नीलाल अहिर | कृषि | ६,०००००। | २९६,२७९।४४ | ८९२,२७९।४४ | बेचन प्रसाद यादव | |
| १० | हद्दीस पठान | १३४ | बुद्धभूमि-५, मकुरघाट | रमजान पठान | कलु | ट्याक्टर खरिद | ७३०,०००। | २४२,६०८। | ९७२,६०८।०० | - | |
| ११ | शारदा भुसाल | १७६ | बुद्धभूमि-२,पुरेना | मेघराज बन्जाडे | रण प्रसाद बन्जाडे | घर निर्माण | ५,०००००। | १३१,९३४।२५ | ६३१,९३४।२५ | मेघराज बन्जाडे | |
| १२ | विन्दु दर्जी | २२० | बुद्धभूमि-२, गोरुसिंगे | रामबहादुर दर्जी | जगबहादुर दर्जी | घर निर्माण | १४,०००००। | ६६८,७५२।०५ | २०६,८७५२।०५ | रामबहादुर दर्जी | |
| १३ | रामरती थारु | ०८७ | बुद्धभूमि-४, मोर्मा | रामलाल थारु | बर्खु थारु | घर निर्माण | ३५५,६३४। | ४०३,६७९।५२ | ७५९,३१३।५२ | - | |
| १४ | दिपेन्द्र कुमार सिंह | २३० | बुद्धभूमि-२, गोरुसिंगे | हिराबहादुर नगरकोटी | राम बहादुर नगरकोटी | व्यवसाय | ९,०००००। | ४६४,८६९।८६ | १,३६४,८६९।८६ | हिराबहादुर नगरकोटी | |
| १५ | विन्दु | १७६ | बुद्धभूमि-२, धैरेनी डाँडा | गेविन्द प्रसाद खनाल | सूर्यप्रसाद खनाल | घर निर्माण | ९,०००००। | ३२५,९१९।१७ | १,२२५९१९।१७ | - | |

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**बारेकोटको पाटन क्षेत्रमा चरिरहेका भेडाका बथान:**
बारेकोट गाउँपालिका-४ स्थित पाटन क्षेत्रमा चरिचरनका लागि लगिएका भेडाका बथान। तस्विरः रासस

# रामायण वाचनमा जनज्योति प्रथम, तिनाउ दोस्रो र न्यू होराइजन तेस्रो



बुटवल । बुटवलको ज्ञानज्योति पुस्तकालयले २१३औं भानुजयन्तीको अवसरमा माध्यमिक विद्यालय स्तरीय रामायण वाचन प्रतियोगिता सम्पन्न गरेको छ।

रुपन्देहीका २० विद्यालयहरुको सहभागीता रहेको प्रतियोगितामा जनज्योति माविले प्रथम स्थान हासिल गरेको छ भने तिनाउ इङ्लिस बोर्डिङ् स्कुल द्वितीय, न्यु होराइजन मावि तृतीय तथा दिप वोर्डिङ हाई स्कूलले सान्त्वना हासिल गरेका छन् ।

जनज्योति माविका निश्मा गौतम र निमेश गौतम प्रथम, तिनाउ इङ्लिस बोर्डिङ् स्कुलका सोनाक्षी क्षेत्री र सक्षम शाक्य द्वितीय, न्यू होराइजन माविका समिप न्यौपाने र वृन्दा गैरे तृतीय र दीप बोर्डिङ हाइस्कुलकका प्रिन्सा पोखरेल र सुप्रिम पोखरेल सान्त्वना भएका छन् ।

ज्ञानज्योति पुस्तकालय बुटवलका अध्यक्ष टुक बहादुर क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वोल्दै रुपन्देहीका जिल्ला शिक्षा सम्वन्वय प्रमुख विष्णु प्रसाद पन्थीले पुस्तकालयले भानुजयन्तीको अवसरमा विद्यार्थीहरुलाई भानुभक्तको योगदान संगै आफ्नो क्षमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नु सराहनीय काम भएको बताएका छन् । आदिकवि भानुभक्त आचार्यको योगदानले नेपाल र नेपालीमा राष्ट्, राष्ट्रियता, भाषा, कला, भुगोल, संस्कार, संस्कृति, साहित्यको प्रतिनिधित्व र अगुवाइ गरेको उल्लेख उनले गरेका थिए।

पुस्तकालयका अध्यक्ष टुकबहादुर क्षेत्रीले भानुभक्तको नेपाली भाषा, कला, संस्कार, संस्कृति प्रति गरेको योगदानको स्मृति पर्याप्त नभएको र यसलाई जिल्लामा केही भए पनि संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले २०७४ सालदेखि निरन्तर रामायाण वाचन कार्यक्रमको आयोजना गरिएको बताए।

आफूहरुले धेरै विद्यालय सहभागी गराउने योजना रहेको र २० विद्यालयका विद्यार्थी सहभागी भई आदिकविको योगदान र ज्ञान सिक्ने र सिकाउने प्रयास भएको र उत्कृष्ट विद्यार्थी, विद्यालय र सहभागीलाई धन्यवाद दिएका थिए।

पुस्तकालयको विषयमा वोल्दै उनले विभिन्न आरोह अवरोह पार गर्दै विभिन्न समयमा विभिन्न सामाजिक, बौद्धिक व्यक्तित्वहरुको सहयोग र सहभागिताबाट पुस्तकालय आफ्नो भवन र कम्प्युटरबाट पुस्तक अध्ययन गर्न सकिने अवस्थामा पुगेको उनले बताएका थिए।

एभरेष्ट इङ्लिस बोर्डिङ् स्कुलका सह-प्राधानाध्यापक भिमसेन गौतमले पुस्तकालयले आदिकविको जन्म जयन्तीको अवसरमा उनका योगदानको बारेमा जानकारी र विद्यार्थीको क्षमता विकास गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा आफ्नो विद्यालयले सह-प्रायोजन गर्न पाएकोमा खुशी लागेको जनाए।

निर्णायकहरु साहित्यकार रमेश समर्थक र शंकर पाण्डे, छन्दवादी समाजका संस्थापक अध्यक्ष कविराज पौडेल पुस्तकालयका सदस्य एवं अधिवक्ता ज्ञानु केसीलगायतले बौल्दै कार्यक्रमले विद्यार्थीहरुमा थोरै भए पनि आदिकवि भानुभक्त र नेपाली साहित्यको बारेमा जानकारी दिलाउन सफल भएको धारणा राखेका थिए।

रामायणका जुनसुकै खण्डबाट पनि ७ मिनेट वाचन गर्न पाउने गरी आयोजना गरिएको कार्यक्रमले पठन संस्कृतिको विकास, राष्ट्र र राष्ट्रियताको गरिमा बढाउने विश्वास लिइएको कार्यक्रम सञ्चालक प्रकाश सुवेदीले जानकारी दिए। एभरेष्ट इङ्लिस बोर्डिङ् स्कुल र ग्रिन सिटी भेईकल्स बुटवलको आर्थिक सहयोगमा सम्पन्न कार्यक्रममा कलाकारहरु भुवन अधिकारी, पुरुषोत्तम भण्डारी "पुर्खे बा" तथा विद्यार्थीहरुले समेत प्रतिभा प्रस्तुत गरेका थिए।

# फर्निचर उद्योगीद्वारा गौशालामा पशु आहार हस्तान्तरण



बुटवल । फर्निचर उद्योग संघ रुपन्देहीले आफ्नो २७औं स्थापना दिवस सामाजिक उत्तरदायित्वका कार्यक्रमसहित मनाएको छ। स्थापना दिवसको अवसरमा संघले शनिबार बुटवल-११, पवित्रनगरस्थित नन्दिनी गौशालामा चारा हस्तान्तरण गर्नुका साथै साँझ संघको कार्यालयमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरेको हो।

गोशालामा आयोजित कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय प्रमुख अतिथि तथा संघका अध्यक्ष जीवकान्त काफ्ले अध्यक्ष रहेका थिए।

कार्यक्रममा नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष एवं संघका पूर्व अध्यक्ष सुरेन्द्र ज्ञवाली, संघकी पूर्व अध्यक्ष सावित्रा टण्डन, निवर्तमान अध्यक्ष तेजप्रसाद पराजुली, संघका वरिष्ठ उपाध्यक्ष नेत्र रुचाल, नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघका कोषाध्यक्ष एवं संघका उपाध्यक्ष अशोक कुँवर तथा महासचिव खिमबहादुर खड्काले मन्तव्य व्यक्त गरेका थिए।

प्रमुख अतिथि पाण्डेयले उद्योगी-व्यवसायीहरूले व्यवसायिक गतिविधिसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै गौशालामा चारा सहयोग गर्ने संघको अभियान अनुकरणीय रहेको बताए। यस्ता कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै निजी क्षेत्रप्रतिको विश्वास पनि बढाउने उनको भनाइ थियो।

अध्यक्ष जीवकान्त काफ्लेले २७ वर्षको यात्रामा संघले उद्योगी-व्यवसायीहरूको हकहित संरक्षण, व्यवसाय प्रवर्द्धन र सामाजिक उत्तरदायित्वलाई समान रूपमा अघि बढाउँदै आएको बताए। स्थापना दिवसलाई औपचारिक कार्यक्रममा सीमित नराखी समाजोपयोगी कार्यमार्फत मनाउने उद्देश्यले गौशालामा चारा हस्तान्तरण गरिएको उनले जानकारी दिए।

पूर्व अध्यक्ष सुरेन्द्र ज्ञवाली, सावित्रा टण्डन, निवर्तमान अध्यक्ष तेजप्रसाद पराजुली, वरिष्ठ उपाध्यक्ष नेत्र रुचाल, उपाध्यक्ष अशोक कुँवर तथा महासचिव खिमबहादुर खड्काले संघको विगत २७ वर्षको यात्राको समीक्षा गर्दै आगामी दिनमा व्यवसायीहरूको हकहित, सीप विकास, प्रविधिको प्रयोग तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा संघका पदाधिकारी, पूर्व अध्यक्ष, कार्यसमिति सदस्य, उद्योगी-व्यवसायी तथा सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो। नन्दिनी गोशाला व्यवस्थापन समितिले संघबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता सहयोगले गोशालामा आश्रित गाईहरूको संरक्षण र व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्ने जनाएको छ।

यसै अवसरमा साँझ ६:२७ बजे फर्निचर उद्योग संघ रुपन्देहीको कार्यालयमा दीप प्रज्ज्वलन कार्यक्रम पनि सम्पन्न गरिएको थियो।

पदाधिकारी तथा सदस्यहरूले संयुक्त रूपमा दीप प्रज्ज्वलन गर्दै संघको २७ वर्षे यात्राको स्मरण गरेका थिए। कार्यक्रममा संस्थाको निरन्तर प्रगति, उद्योगी-व्यवसायीबीचको एकता तथा सामाजिक सेवाप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाउने अठोट व्यक्त गरिएको थियो।

## सरकारी सञ्चारमाध्यममा करार पत्रकार विस्थापनको प्रयासमा चौतारीको आपत्ति

बुटवल । प्रेस चौतारी नेपालले सरकारी सञ्चारमाध्यममा लामो समयदेखि कार्यरत करार सेवाका श्रमजीवी पत्रकार तथा कर्मचारीलाई योजनाबद्ध रूपमा विस्थापित गर्ने उद्देश्यले सरकारले गतिविधि अघि बढाएकोमा आपत्ति जनाएको छ।

प्रेस चौतारीले निर्णय सच्याउन माग गरेको छ। संगठनले कार्यरत पत्रकारको करार नवीकरण नगरेर नयाँ भर्ना प्रक्रिया अघि बढाइएको भन्दै त्यसलाई तत्काल रोक्न आग्रह गरेको छ।

शुक्रबार जारी प्रेस विज्ञप्तिमा गोरखापत्र संस्थानमा करार सेवामा कार्यरत पत्रकारहरूको करार अवधि असार मसान्तमा समाप्त हुन लाग्दा पनि नवीकरण नगरी नयाँ करार कर्मचारी भर्नाको सूचना प्रकाशित गरिएको उल्लेख छ।

प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले जारी गरेको विज्ञप्तिमा 'गोरखापत्र संस्थान सेवा शर्त विनियमावली, २०८२' ले करार नियुक्ति कार्यविधि स्वीकृत भएपछि मात्रै नियुक्ति प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था गरेको छ। तर कार्यविधि स्वीकृत नै नभएको अवस्थामा संस्थानले वर्षौंदेखि कार्यरत पत्रकारको करार नवीकरण नगरी पाँच दिनको म्याद दिएर नयाँ भर्नाको सूचना निकालेको जनाएको छ।

विज्ञप्तिमा राष्ट्रिय समाचार समिति (रासस) मा पनि यस्तै प्रक्रिया अघि बढाइएको तथा रेडियो नेपाल र नेपाल टेलिभिजनमा समेत करारमा कार्यरत पत्रकार तथा कर्मचारीको नवीकरण प्रक्रिया रोकिएको उल्लेख गर्दै,यसले सयौं श्रमजीवी पत्रकारको पेसागत भविष्य अन्योलमा पारेको उल्लेख छ।

प्रेस चौतारीले सरकारले श्रमजीवी पत्रकारको अधिकार संरक्षण गर्नु कानुनी दायित्व भए पनि सरकार स्वयं श्रमजीवी पत्रकार ऐनको मर्मविपरीत निर्णय गर्दै श्रमिकको अधिकारमाथि हस्तक्षेप गरिरहेको आरोप लगाएको छ।

साथै, वर्षौंदेखि सार्वजनिक सञ्चार संस्थाको विश्वसनीयता र सेवामा योगदान दिएका पत्रकारलाई विस्थापित गर्ने प्रयास श्रमको अपमान, पेसागत असुरक्षा र सार्वजनिक सञ्चार संस्थाको संस्थागत क्षमतामाथिको प्रहार भएको संगठनको ठहर छ।

प्रेस चौतारी नेपालले सरकारी सञ्चारमाध्यममा प्रकाशित नयाँ विज्ञापन तत्काल रद्द गर्न, हाल कार्यरत श्रमजीवी पत्रकार तथा कर्मचारीको करार अविलम्ब नवीकरण गर्न तथा उनीहरूको पेसागत सुरक्षा सुनिश्चित गर्न सरकारसँग माग गरेको छ।

महासचिव लामा द्वारा हस्ताक्षरित विज्ञप्तिमा माग सम्बोधन नभए श्रमजीवी पत्रकारको हक, हित र रोजगारीको रक्षाका लागि प्रेस चौतारी नेपाल सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने उल्लेख गरेका छन्।

# इन्टर्न चिकित्सकको विरोध प्रदर्शन

बुटवल । एमबीबीएस तथा बीडीएस इन्टर्न चिकित्सकले 'स्टाइपेन्ड'सम्बन्धी निर्णय तत्काल कार्यान्वयन गर्न माग गर्दै प्रदर्शन गरेका छन्। एमबीबीएस तथा बीडीएस इन्टर्न संघर्ष समितिको नेतृत्वमा शनिबार (असार २७) काठमाडौंको माइतीघरमा चिकित्सकले प्रदर्शन गरेका हुन्। संघर्ष समितिका सहसंयोजक विकासकुमार शाहले आफूहरू व्यक्तिगत स्वार्थका निम्ति नभई इन्टर्न चिकित्सकको श्रमको सम्मान, उचित पारिश्रमिक तथा भावी मेडिकल विद्यार्थीको भविष्य सुरक्षित गर्न आन्दोलनमा उत्रिएको बताए।

शिक्षा मन्त्रालयले इन्टर्न मेडिकल अफिसरको स्टाइपेन्ड ७५ प्रतिशत पुऱ्याउने निर्णय गरेको उनले उल्लेख गरे। मन्त्रालयले उक्त विषयमा अध्ययन समिति नै गठन गरी निर्णय गरेको भए पनि चिकित्साशिक्षा आयोगको पूर्ण बैठक नबस्दा हालसम्म त्यो कार्यान्वयन हुन नसकेको उनले जानकारी दिए। उनले मन्त्रालयबाट निर्णय भएर आएको विषय कार्यान्वयन नभएकाले आन्दोलन आफूहरूको बाध्यता बनेको जनाए।

सरकारले आयोगको पूर्ण बैठक छिटो बोलाई इन्टर्न स्टाइपेन्डसम्बन्धी निर्णय अनुमोदन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्नेमा उनले जोड दिए। जायज माग पूरा भए आन्दोलन अन्त्य गरी अस्पताल फर्केर बिरामीको सेवा गर्न आफू तयार रहेको उनको भनाइ थियो।

अधिकार स्थापित नभएसम्म निरन्तर संघर्ष जारी राख्ने उनले बताए। उनले नेपाल मेडिकल एसोसिएसनको वर्तमान नेतृत्वप्रति पनि असन्तुष्टि जनाए। मेडिकल विद्यार्थी तथा इन्टर्न चिकित्सकको मागका विषयमा संस्थाले प्रभावकारी भूमिका खेल्न नसकेको उनले आरोप लगाए।

प्रदर्शनमा सहभागीले 'हाम्रो धैर्यको परीक्षा धेरै भयो, प्रतिवेदन कार्यान्वयन गर', 'इर्न्टनमाथिको विभेद अन्त्य गर' लगायत नारा लेखिएका प्लेकार्ड बोकेका थिए।

उनीहरूले सरकार, चिकित्सा शिक्षा आयोग तथा सम्बन्धित निकायले इन्टर्न स्टाइपेन्डसम्बन्धी निर्णय तत्काल कार्यान्वयन नगरेमा आन्दोलनलाई निरन्तरता दिने चेतावनी दिएका छन्।

## श्री शमसेर स्मृति माध्यमिक विद्यालय
### ओमसतिया-६, नरैनापुर, (रुपन्देही)
### गा.पा. अनुदान शिक्षक पदमा विज्ञापन सम्बन्धी सूचना

मितिः २०८३/०३/२८

यस श्री शमसेर स्मृति माध्यमिक विद्यालय ओमसतिया -६ नरैनापुर रुपन्देहीमा तपसीलका गा.पा. अनुदान शिक्षक पदहरूमा ओमसतिया गा.पा. बाट सेवा सुविधा प्राप्त गर्ने गरी मा. वि. अनुदान विज्ञान र नेपाली तथा नि. मा. वि. अनुदान सामाजिक शिक्षकको आवश्यकता परेकोले योग्य नेपाली नागरिकबाट आवश्यक कागजात सहित दरखास्तका लागि आह्वान गरिन्छ।

**तपसिल**

| | | |
|---|---|---|
| विज्ञापन नं.:- १/२०८२ /०८३<br>संख्या :- एक (१)<br>पद :- मा.वि. गा.पा. अनुदान<br>विषय :- विज्ञान<br>शैक्षिक योग्यता :- वि. एड वा सो सरह (विज्ञान)<br>परीक्षा दस्तुर- रु. २०००(दुई हजार)<br>उमेर :- १८ वर्ष पुरा भई ४० ननाघेको<br>तलब :- ओमसतिया गा.पा. ले तोके बमोजिम<br>दरखास्त दिने अन्तिम मितिः २०७३/४/११ गतेसम्म<br>सम्पर्क मिति :- २०८३/४/१२<br>परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता | विज्ञापन नं २/२०८२/०८३<br>संख्या :- एक (१)<br>पद :- मा.वि. गा.पा. अनुदान<br>विषय :- नेपाली<br>शैक्षिक योग्यता :- वि. एड वा सो सरह<br>परीक्षा दस्तुर- रु. २०००(दुई हजार)<br>उमेर :- १८ वर्ष पुरा भई ४० ननाघेको<br>तलब :- ओमसतिया गा.पा. ले तोके बमोजिम<br>दरखास्त दिने अन्तिम मितिः २०८३/४/११ गतेसम्म<br>सम्पर्क मिति :- २०८३/४/१२<br>परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता | विज्ञापन नं २/२०८२/०८३<br>संख्या :- एक (१)<br>पद :- मा.वि. गा.पा. अनुदान<br>विषय :- सामाजिक<br>शैक्षिक योग्यता :- प्रमाणपत्र वा सो सरह<br>परीक्षा दस्तुर- रु. १५००<br>उमेर :- १८ वर्ष पुरा भई ४० ननाघेको<br>तलब :- ओमसतिया गा.पा. ले तोके बमोजिम<br>दरखास्त दिने अन्तिम मितिः २०८३/४/११ गतेसम्म<br>सम्पर्क मिति :- २०८३/४/१२<br>परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता |

आवश्यक कागजातहरू -
-हस्तलिखित निवेदन एक प्रति फोटोसहित
-नेपाली नागरिकताको प्रतिलिपि - १ थान
-शैक्षिक योग्यताको प्रमाण-पत्रहरूको प्रतिलिपि-१/१ थान
-सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि - १ थान
-अनुभव प्रमाण-पत्रको प्रतिलिपि - १ थान

मो. ९८४६५८०१०४
**प्रधानाध्यापक**




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com